# निजामती सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको रु. १० लाखको सामुहिक दुर्घटना बीमा कार्यक्रम लागू गरिएको

## प्रेश विज्ञप्ती

नेपाल सरकारका माननिय अर्थ मन्त्री जनार्दन शर्माज्यूले चालु आ.व. २०७८/७९ को आय व्ययको सार्वजनिक जानकारी वक्तव्य (वजेट बक्तव्य) मा उद्घोष भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत गरि लागू गरिएको निजामती कर्मचारीहरुको सामुहिक दुर्घटना बीमा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ बमोजिम नेपाल सरकारको निजामती सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको रु. १० लाखको सामूहिक दुर्घटना बीमा गरिएको छ । यो कार्यक्रम २०७८ चैत्र ६ गते बाट कार्यान्वयनमा आएको छ । यस कार्यक्रमबाट सेवामा हाल कार्यरत ३३,१३७ जना निजामती कर्मचारीहरु लाभान्वित हुनेछन् । यो बीमाले बीमितको मृत्यु, स्थायी अंगभग, अस्थायी तथा आंशीक अंगभंग, चोटपटकको औषधि-उपचार खर्च लगायत जोखिमको रक्षावरण गर्नेछ । यस बीमा कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालय र राष्ट्रिय बीमा कम्पनी लिमिटेड वीच मिति २०७८ चैत्र ७ गते संघीय माननिय मामिला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्र प्रसाद श्रेष्ठ, श्रीमान् सचिव सुरेश अधिकारी तथा राष्ट्रिय बीमा कम्पनी लिमिटेडका संचालक समितिका अध्यक्ष श्री उमेशचन्द्र उपाध्यायज्यूको रोहवरमा बीमा समझदारी पत्र आदान-प्रदान कार्य सम्पन्न भयो । समझदारी पत्रमा मन्त्रालयका कर्मचारी कल्याण महाशाखाका प्रमुख नारायण प्रसाद अर्याल र कम्पनीका तर्फबाट नि. प्रमुख कार्यकारी अधिकृत सुवास कोइरालाज्यूले हस्ताक्षर गर्नु भएको थियो । कार्यक्रममा मन्त्रालयका कर्मचारी कल्याण शाखाका उप-सचिव हरी प्रसाद ज्ञवाली, कम्पनीका अण्डरराइटिंग विभाग प्रमुख सृजना पन्त, बजार विभाग प्रमुख हिरा कुमारी बर्तौला लगायतको उपस्थिति रहेको थियो । माननिय मन्त्रीज्यूले पनि यो बीमा कार्यक्रम क्रमशः प्रदेश र स्थानिय निजामती सेवाका कर्मचारीहरु र अन्य सार्वजनिक संगठित संस्थाका कर्मचारीहरुको कार्य मनोवल वृद्धि र सुरक्षाको निमित्त विस्तार गर्दै लैजाने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो । यो बीमालेख जारी भएसंगै नेपालमा बीमा पहुँच अभिवृद्धिमा थप योगदान पुग्ने र बीमा सचेतना समेत वृहत रुपमा विस्तार भएर जाने अपेक्षा गरिएको छ ।







